# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

**धान बालीमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम माग सम्बन्धी म्याद थप सम्बन्धि सूचना !**

**प्रथम पटक म्याद थप मिति २०८१।०९।२८ गते**

वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८१।०८२ मा मा संघिय सरकार शसर्त अनुदान तर्फको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत **धान बाली पकेट बिकास कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न चाहने यस नगरपालिका अन्तरगतका कृषक समूह/कृषि सहकारी संस्था/समिति तथा कृषि फर्महरुले प्रस्तावना पेश गर्नको लागि मिति२०८१/०९/१४ गते सूचना प्रकाशन गरिएकोमा तोकिएको समय भित्र प्रयाप्त मात्रामा आवेदन पर्न नआएकोले ७ दिन (मिति २०८१/१०/०६ गते) सम्म म्याद थप गरिएकोले उक्त समय भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची-६ अनुसारको आवेदन तथा अनुसूची-७ अनुसारको आधारभूत तथ्यांक फारम भरि नगरपालिकामा निवेदन पेश गर्नु हुनको लागि यसै सूचनाद्धारा जानकारी गराइन्छ।

पकेट कार्यक्रम संचालनका न्यूनतम मापदण्डहरु:

| क्र.सं. | वाली/वस्तु | इकाई | न्युनतम क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | धान | हेक्टर | २० | |

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. कृषक समूह/ कृषि सहकारी/ समिति/कृषि फर्म मिति २०८१ मंसिर मसान्त सम्म दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सूचिकृत भएको)।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा) को लालपुर्जाको प्रतिलिपी।
३. भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
४. कृषक समूह/ कृषि सहकारी/ समिति/ कृषि फर्मको पकेट मागको निर्णयको प्रतिलिपी।
५. वडा कार्यालयको सिफारिस पत्र।
६. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
७. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. अनुसूची-६ अनुसारको निवेदन तथा अनुसूची- ७ अनुसारको विवरण।

नोट:- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।
विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत